## ● वस्तुगत प्रश्नोत्तर

१. **विश्व बैङ्कद्वारा २०७७ साउन ८ मा जारी 'नेपाल डेभलपमेन्ट अपडेट' अनुसार आर्थिक वर्ष २०७६/०७७ मा नेपालको आर्थिक वृद्धिदर कति रहेको उल्लेख छ ?**
✍ १.८ प्रतिशत ।
- तीन वर्षमा निरन्तर ६.५ प्रतिशत माथिको वृद्धिदर रहेकोमा कोभिड-१९ सङ्क्रमण रोकथामका लागि जारी गरिएको बन्दाबन्दीका कारण गत आवमा वृद्धिदर प्रभावित भएको विश्व बैङ्कले जनाएको ।
- बैङ्कले चालु आवको आर्थिक वृद्धिदर २.१ प्रतिशत रहने प्रक्षेपण गरेको ।

२. **चीनले मङ्गल ग्रहको अध्ययनका लागि तियानवेन-१ अन्तरीक्ष यान कहिले प्रक्षेपण गरेको हो ?**
✍ सन् २०२० जुलाई २३ ।
- सो यानलाई हेनान प्रान्तस्थित अन्तरीक्ष प्रक्षेपण केन्द्रबाट लङमार्च ५ मार्फत प्रक्षेपण गरिएको ।
- पाँच टन वजनको तियानवेन-१ करिब सात महिनापछि सन् २०२१ फेब्रुअरीमा पृथ्वीमा फर्कने जनाइएको ।
- यस मिसनमा एउटा मार्स अर्विटर, एउटा ल्यान्डर र एउटा रोभर रहेको ।
- यी उपकरणको मद्दतबाट मङ्गल ग्रहको माटोको अध्ययन गरिने चिनियाँ वैज्ञानिकले बताएका ।

३. **आन्तरिक राजस्व विभागले स्थायी लेखा नम्बर (पान) वितरणमा बायोमेट्रिक प्रणाली पहिलो चरणमा कहाँ लागू गरेको छ ?**
✍ काठमाडौँ उपत्यका ।
- पहिलो चरणमा काठमाडौँ उपत्यकाभित्रका करदाता सेवा कार्यालयमा आव २०७७/७८ देखि यो प्रणाली सुरु गरिएको ।
- हाललाई विपान (व्यावसायिक स्थायी लेखा नम्बर) उपलब्ध गराउँदामात्र यस्तो प्रणाली कार्यान्वयनमा ल्याइएको ।
- बायोमेट्रिक प्रणाली बिस्तारै देशैभरका करदाता सेवा कार्यालयमा लागू गरिने ।

४. **३२औँ ओलम्पिक खेल कहिले र कहाँ आयोजना गरिने भएको छ ?**
✍ सन् २०२१ जुलाई २३-अगस्ट ८, जापान ।

५. **भन्सार विभागद्वारा २०७७ साउन ११ मा सार्वजनिक आव २०७६/७७ को व्यापार तथ्याङ्कअनुसार नेपालको व्यापार घाटा कति रहेको छ ?**
✍ रु. ११ खर्ब ६४ करोड ।
- विभागका अनुसार आव २०७५/७६ मा १३ खर्ब २१ अर्ब रुपियाँ रहेको नेपालको व्यापार घाटा कोरोनाका कारण आयात निर्यात प्रभावित हुन पुग्दा आव २०७६/७७ मा ११ खर्ब ६४ करोड कायम भएको ।
- समग्र आयात १५.६३ प्रतिशतले घटेर समीक्षा अवधिमा ११ खर्ब ९६ अर्ब रुपियाँ पुगेको । अघिल्लो आवमा नेपालले १४ खर्ब १८ अर्ब रुपियाँको वस्तु आयात गरेको थियो ।
- नेपालले आव २०७६/७७ मा ९६ अर्ब १५ करोड रुपियाँको वस्तु निर्यात गरेको, जुन अघिल्लो आबको तुलनामा ०.९८ प्रतिशतले कम रहेको ।
- नेपालबाट निर्यात हुने वस्तुको ठूलो हिस्सा पाम तेलले ओगटेको । नेपालले मलेसिया तथा इन्डोनेसियाबाट कच्चा पाम ल्याएर प्रशोधित गरेर भारतमा बिक्री गर्दै आएको ।
- विभागको तथ्याङ्कअनुसार नेपालको समग्र अन्तर्राष्ट्रिय व्यापारमा १४.६९ प्रतिशतको ह्रास आएको ।

**प्रमुख पाँच व्यापार साझेदार**
- भारत, चीन, इन्डोनेसिया, अमेरिका, युएई

**प्रमुख पाँच आयातित वस्तु**
- डिजेल, अप्रशोधित फलाम तथा स्टिल, पेट्रोल, एलपी ग्यास, चामल

**प्रमुख पाँच निर्यातित वस्तु**
- पाम तेल, भटमासको तेल, गलैँचा, ऊनी कपडा, जुट

६. **सरकारले कोरोना भाइरस (कोभिड-१९) सङ्क्रमण, रोकथाम तथा नियन्त्रणका लागि जारी गरेको बन्दाबन्दी (लकडाउन) कहिलेदेखि अन्त्य गरिएको हो ?**
✍ विक्रम संवत् २०७७ साउन ७ (विसं २०७६ चैत ११ देखि जारी) ।
- २०७६ चैत ११ गतेदेखि गरिएको बन्दाबन्दी पछिल्लोपटक साउन ६ गते मध्यरातसम्मका लागि जारी थियो ।
- सङ्क्रमण नियन्त्रणमा रहेको भए पनि जोखिम कायमै रहेकाले औपचारिक बन्दाबन्दी अन्त्य गरिए पनि कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचारसम्बन्धी व्यवस्था यथावत् राखिएको ।
- चार महिना लामो बन्दाबन्दी अन्त्यको घोषणासँगै सर्वसाधारणलाई राहत महसुस भएको ।
- विश्वव्यापी प्रभावजस्तै नेपालमा पनि कोरोनाका कारण हरेक क्षेत्र असहज बन्न पुगेको ।
- सरकारले अन्य देशको अनुभव तथा नेपालमा सङ्क्रमणको विद्यमान अवस्था मूल्याङ्कन गरी बन्दाबन्दी अन्त्य गरेकाले अर्थतन्त्र र नागरिक जीवनमा यो निर्णयले सकारात्मक परिणाम दिने अपेक्षा गरिएको ।

७. **उपप्रधानमन्त्री एवम् रक्षामन्त्री ईश्वर पोखरेलको संयोजकत्वमा कोरोना रोकथाम उच्चस्तरीय समन्वय समितिको गठन कहिले गरिएको हो ?**
✍ विसं २०७६ फागुन १७ ।

८. **संयुक्त राष्ट्रसङ्घको आह्वानमा विभिन्न मुलुकमा शान्ति सेना पठाउने राष्ट्रहरूमा नेपाल कतिऔँ स्थानमा रहेको छ ?**
✍ चौथो (विसं २०७६ फागुन २३ देखि, यसभन्दा अघि नेपाल पाँचौँ स्थानमा रहेको ।)



९. **कोरोना भाइरसबारे छलफल गर्न विश्व स्वास्थ्य सङ्गठनले स्वीट्जरल्यान्डको जेनेभामा स्वास्थ्य विशेषज्ञ वैज्ञानिकहरूको सम्मेलन कहिले गरेको हो ?**
✍ सन् २०२० फेब्रुअरी १२ ।
(सम्मेलनले कोरोना भाइरस महामारीको औपचारिक नाम कोभिड-१९ तय गरेको ।)

१०. **कोभिड-१९ महामारीविरुद्ध लड्नका लागि सार्क आपतकालीन कोषको घोषणा कहिले गरिएको हो ?**
✍ सन् २०२० मार्च १५ ।

११. **लकडाउनको अवज्ञा गर्नेलाई पक्राउ गर्न नेपाल प्रहरीद्वारा प्रयोगमा ल्याइएको उपकरण 'एमएआरडी'को पूरा रूप के हो ?**
✍ मल्टी फङ्सनल अरेस्ट एन्ड रेस्क्यु डिभाइस ।

१२. **चीनको वुहानबाट सुरु भएको कोरोना सङ्क्रमण नेपालमा पहिलोपटक कहिले देखिएको हो ?**
✍ विसं २०७६ माघ १० ।

१३. **'विपत्तिले मानव बनाउँछ भने सम्पत्तिले दानव' भन्ने विद्वान् को हुन् ?**
✍ भिक्टर ह्युगो ।

१४. **नेपाल खाद्य संस्थान र नेसनल ट्रेडिङ लिमिटेड एक-आपसमा मर्ज भई 'खाद्य व्यवस्था तथा व्यापार कम्पनी'को स्थापना कहिले भएको हो ?**
✍ विसं २०७६ साउन २८ ।

१५. **नेपालमा पहिलोपटक ऐतिहासिक संविधानसभाको निर्वाचन कहिले भएको हो ?**
✍ विसं २०६४ चैत २८ ।

१६. **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कहिलेबाट थालनी भएको हो ?**
✍ आव २०७६/७७ ।

१७. **बालबालिकाको क्षेत्रमा काम गर्ने अन्तर्राष्ट्रिय संस्था किवानिज इन्टरनेसनलको एसिया प्यासिफिक सम्मेलन हालै कहाँ सम्पन्न भयो ?**
✍ नेपाल (सन् २०२० मार्च) ।

१८. **सन् २०२० फेब्रुअरी २ मा मनाइएको विश्व सिमसार दिवसको नारा के हो ?**
✍ सिमसार र जैविक विविधता ।

१९. **आप्रवासी कामदारको मानवअधिकार संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना काठमाडौँमा कहिले गरियो ?**
✍ विसं २०७६ कात्तिक २६-२८ ।

२०. **नेपाल राष्ट्र बैङ्कले व्याजदर करिडोर कहिलेदेखि लागू हुनेगरी कार्यान्वयनमा ल्याएको हो ?**
✍ विसं २०७४ कात्तिक २९ ।




२१. **आयामेली कवि भनेर तिलविक्रम नेम्वाङ (वैरागी काइँला) लाई चिनिन्छ भने 'आधुनिक कवि' भनी कसलाई चिनिन्छ ?**
✍ गोपालप्रसाद रिमाल ।

२२. **नारायणहिटी दरबार सङ्ग्रहालयमा श्रीपेचको अवलोकन सर्वसाधारणका लागि कहिलेदेखि खुला गरिएको हो ?**
✍ विसं २०७५ कात्तिक ४ ।
(विसं २०७५ असोज २९ गते प्रधानमन्त्री केपी शर्मा ओलीले अवलोकन गरेसँगै नयाँ व्यवस्थाअन्तर्गत कात्तिक ४ गतेबाट श्रीपेच सर्वसाधारणका लागि अवलोकन खुला गरिएको ।)

२३. **सत्यनिरूपण तथा मेलमिलाप आयोगको स्थापना कहिले गरिएको हो ?**
✍ विसं २०७१ माघ २६ ।
(बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको स्थापना पनि २०७१ माघ २६ मा नै भएको ।)

२४. **सार्वजनिक खरिद नियमावली-२०६४ को नवौँ संशोधन कहिले भएको हो ?**
✍ विसं २०७६ पुस १४ ।

२५. **नेपालमा औद्योगिक गणनाको थालनी कहिलेदेखि भएको हो ?**
✍ विसं २०२२ ।
- नेपालमा प्रथम औद्योगिक गणना विसं २०२२ मा गरिएको ।
- औद्योगिक गणना प्रत्येक पाँच-पाँच वर्षमा गरिने ।
- २०७६ फागुन १५ देखि ११औँ औद्योगिक गणना सुरु भएको ।

२६. **नेपालमा कहिलेसम्म दादुरा-रुबेला रोग उन्मूलन गर्ने सरकारी योजना रहेको छ ?**
✍ सन् २०२३ भित्र ।

२७. **पेट्रोलियम अर्थात् खनिज तेलको मूल्यका सम्बन्धमा रूस र साउदी अरबबीच चलेको युद्धलाई के भनी चिनिन्छ ?**
✍ प्राइस वार ।

२८. **वैदेशिक व्यापारमा भन्सार विभागद्वारा लागू गरिएको निकासी पैठारीका लागि पहिचान हुने नम्बरलाई के भनिन्छ ?**
✍ एक्जिम कोड ।

२९. **स्वीट्जरल्यान्डको डाभोसस्थित वर्ल्ड इकोनोमिक फोरमद्वारा प्रदान गरिएको योङ ग्लोबल लिडर्स अवार्ड-२०२० बाट सम्मानित नेपाली युवा को हुनुहुन्छ ?**
✍ प्रदीप परियार ।

३०. **राष्ट्रपतिको कार्यकाल लम्ब्याउन सकिने प्रावधानसहित रूसको संसद्ले संविधान संशोधन प्रस्तावलाई कहिले स्वीकृति प्रदान गरेको हो ?**
✍ सन् २०२० मार्च ११ ।
- संशोधित प्रावधानअनुसार राष्ट्रपति भ्लादमिर पुटिनको कार्यकाल अरू १२ वर्ष थपिन सक्ने भएको ।
- राष्ट्रपति पुटिनको कार्यकाल सन् २०२४ मा समाप्त हुँदै छ । नयाँ प्रस्तावअनुरूप सन् २०२४ पश्चात् अरू १२ वर्ष राष्ट्रपति हुन पाउने बाटो खुलेको ।
- दुईपटक चारवर्षे कार्यकाल राष्ट्रपति भएपछि सन् २००८ मा प्रधानमन्त्री बनेको र राष्ट्रपतिमा उहाँकै विश्वासपात्र दिमित्री मेद्भेदेव छनोट भएका । तत्कालीन राष्ट्रपति मेद्भेदेवको कार्यकालमा राष्ट्रपतिको कार्यकाल ६ वर्ष बनाइएको । सन् २०१२ मा पुटिन पुनः राष्ट्रपति चयन भएका र सन् २०१८ मा उनी फेरि ६ वर्षका लागि राष्ट्रपति बनेका ।
- रूसको तल्लो सदन डुमाले गरेको संशोधन प्रस्तावले सरकारको कार्यकारी शक्ति अरू मजबुत गर्ने तथा राष्ट्रपतिको अधिकार क्षेत्र थप व्यापक बन्ने भएको ।



प्रस्तुतकर्ता : टङ्क केसी

## ● विषयगत प्रश्नोत्तर

# उद्योग सञ्चालनका लागि आवश्यक पूर्वाधार



१. **उद्योग भन्नाले के बुझिन्छ ? उद्योग सञ्चालनका लागि आवश्यक पूर्वाधार के-के हुन् ? संक्षेपमा लेख्नुहोस् ।**
✍ सीप र साधनको प्रयोग गरी सानो तथा ठूलो परिमाणमा वस्तुहरू उत्पादन गर्ने कामलाई उद्योग भनिन्छ । उद्योगहरू घरेलु, कुटीर, साना, मझौला तथा ठूलाखालका हुन्छन् । देशलाई आत्मनिर्भर र विकसित बनाउन उद्योगधन्दाको महत्त्वपूर्ण हात हुन्छ । उद्योगधन्दा मुलुकको आर्थिक विकासका वाहक हुन् । रोजगारी सिर्जनाका आधारशिला हुन् ।
- उद्योग सञ्चालनका लागि आवश्यक पूर्वाधार
- उद्योग सञ्चालनमा सरकारी स्पष्ट नीति तथा कानुनी व्यवस्था, सरकारी सहयोग, सहजीकरण, समन्वय तथा नियमन, मुलुकमा लगानीमैत्री वातावरण, निजी क्षेत्रलाई सहयोग गर्ने राजनीतिक प्रणालीको आवश्यकता त पर्छ नै, यी सँगै उद्योग सञ्चालनमा निम्न पूर्वाधार आवश्यक पर्दछ :
- कच्चा पदार्थ,
- यातायात तथा सञ्चारको सुविधा,
- विद्युत् तथा अन्य ऊर्जा,
- दक्ष जनशक्ति,
- बजार,
- पुँजी,
- वित्तीय सुविधा ।

२. **नेपालको निजामती सेवामा पदपूर्ति प्रक्रियाका चरणहरू उल्लेख गर्नुहोस् ।**
✍ निजामती सेवामा रिक्त पदमा नयाँ कर्मचारी भर्ना गरेर कर्मचारी आपूर्ति गर्ने कार्य पदपूर्ति हो । पदपूर्ति निरन्तर चल्ने प्रक्रिया हो । नेपालको निजामती सेवामा पदपूर्ति प्रक्रियामा विभिन्न चरणहरू प्रचलित छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- वार्षिक कार्यतालिका प्रकाशन,
- माग सङ्कलन र प्रतिशत निर्धारण,
- विज्ञापन प्रकाशन,
- दरखास्त सङ्कलन, दरखास्त रुजु र स्वीकृति,
- शैक्षिक योग्यता एवम् पाठ्यक्रम निर्माण, परिमार्जन तथा संशोधन,
- प्रश्नपत्र निर्माण एवम् परिमार्जन, प्रश्नपत्र छनोट,
- लिखित परीक्षा सञ्चालन,
- उत्तरपुस्तिका दोहोरो कोडिङ,
- उत्तरपुस्तिका परीक्षण,
- लिखित परीक्षा नतिजा,
- तोकिएको पदमा प्रयोगात्मक परीक्षा, सीप परीक्षण, सामूहिक छलफल,
- अन्तर्वार्ता,
- योग्यताक्रम सिफारिस ।

३. **नेपालको संविधानमा न्याय र दण्ड व्यवस्थासम्बन्धी के-कस्तो नीतिगत व्यवस्था छ ?**
✍ नेपालको संविधानको धारा ५१ मा न्याय र दण्ड व्यवस्थासम्बन्धी देहायबमोजिमको नीतिगत व्यवस्था छ :
- न्याय प्रशासनलाई छिटोछरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी र जनउत्तरदायी बनाउने,
- सामान्य प्रकृतिका विवाद समाधानका लागि मेलमिलाप, मध्यस्थताजस्ता वैकल्पिक उपायहरू अवलम्बन गर्ने,
- राजनीतिक, प्रशासनिक, न्यायिक, सामाजिकलगायत सबै क्षेत्रको भ्रष्टाचार र अनियमितता नियन्त्रणका लागि प्रभावकारी उपाय अवलम्बन गर्ने ।

४. **आर्थिक वृद्धि र आर्थिक विकास भनेको के हो ? प्रस्ट गर्नुहोस् ।**
✍ एक वर्षमा वस्तु तथा सेवाको उत्पादनमा आउने वृद्धिलाई आर्थिक वृद्धि भनिन्छ। आर्थिक वृद्धि आर्थिक विकासको पूर्वसर्त हो। यो समृद्धितर्फको यात्रा हो। राष्ट्र विकसित भएको अवस्थाको सुरुवात हो। यो विकासको साधन हो। जुन वृद्धि मोडलमा आधारित हुन्छ। यसमा कुनै एक क्षेत्रको मात्र वृद्धि भएको हुन्छ, त्यसैले यसले अर्थतन्त्रको समग्रतालाई समेट्न सक्दैन। त्यही भएर सबै क्षेत्रको वृद्धि नभए पनि आर्थिक वृद्धि दर उच्च हुन सक्छ। कुनै क्षेत्रको उत्पादनको वृद्धिले आयको वितरण हुन्छ तर आयको सबैमा समानुपातिक वितरण भएको हुँदैन। यसमा रोजगारी सिर्जना हुन्छ तर सबै क्षेत्रको वृद्धि नहुँदा पूर्ण रोजगारीको ग्यारेन्टी हुँदैन। त्यसकारण आर्थिक वृद्धि उच्च हुँदैमा गरिबी न्यूनीकरण नहुन सक्छ।
- आर्थिक विकास
- अर्थतन्त्रको समग्र सबै पक्षको विकास भएको अवस्थालाई आर्थिक विकास भनिन्छ। आर्थिक वृद्धि उच्च, दिगो र फराकिलो हुँदै जाँदा आर्थिक विकास हुन्छ। समावेशी आर्थिक विकास अहिलेको ज्वलन्त विषय बनेको छ। यो राष्ट्रको मूलभूत लक्ष्य हो, विकासको साध्य हो। जुन विकास मोडेलमा आधारित छ। उच्च एवम् दिगो वृद्धि र क्षेत्र विस्तार यसका आधार हुन्। यसले राष्ट्रको समग्र सबै पक्षलाई समेटेको हुन्छ। यो राष्ट्रको सबै क्षेत्रको विकास भएको समृद्धिको अवस्था हो। आयको समानुपातिक वितरण हुने र हेरक क्षेत्रको उत्पादन तथा वितरणको पूर्ण विकास भएको अवस्थाले गर्दा यसमा रोजगारी सिर्जनाको ग्यारेन्टी भई गरिबी न्यूनीकरण हुन्छ।

५. **भ्रष्टाचार नियन्त्रणमा राष्ट्रिय सतर्कता केन्द्रको भूमिकाबारे लेख्नुहोस् ।**
✍ भ्रष्टाचारजन्य कार्यलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न तथा भ्रष्टाचारविरुद्ध जनचेतना अभिवृद्धि गर्न प्रधानमन्त्रीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेगरी राष्ट्रिय सतर्कता केन्द्र स्थापना गरिएको हो । निजामती सेवाको विशिष्ट श्रेणीको अधिकृत प्रमुख रहने यस केन्द्रले नेपाल सरकारका सबै मन्त्रालय, विभाग, कार्यालय र सार्वजनिक संस्थाबाट सम्पादन हुनुपर्ने कार्यहरू नियमित रूपमा भए-नभएको विषयमा सूचना सङ्कलन गर्ने र त्यस्ता निकायबाट नियमित रूपमा हुनुपर्ने कार्य भएको नपाइएमा त्यस्ता निकायलाई सो विषयमा सतर्क गर्दै आएको छ । भ्रष्टाचार नियन्त्रणमा यसको भूमिकालाई निम्नानुसार लेख्न सकिन्छ :
- सार्वजनिक पद धारण गरेको व्यक्तिले प्रचलित कानुनबमोजिम दिइएको सम्पत्ति विवरण र आयको अनुगमन गर्ने,
- भ्रष्टाचार हुन सक्ने स्थान वा काममा नियमित निगरानी राख्ने, छड्के जाँच र अन्वेषण गर्ने आवश्यक व्यवस्था मिलाउने,
- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा अपनाउनुपर्ने नीति, रणनीति र तत्सम्बन्धी कानुनमा कुनै सुधार गर्नुपर्ने देखिएमा नेपाल सरकारलाई आवश्यक सुझाव दिने,
- नेपाल सरकारका मन्त्रालय, विभाग, कार्यालय वा सार्वजनिक संस्थामा उजुरी पेटिका राख्ने व्यवस्था मिलाउने,
- भ्रष्टाचारको रोकथाम गर्ने उद्देश्यले आवश्यकताअनुसार सम्बन्धित निकायलाई सुझाव दिने, निर्देशन दिने,
- भ्रष्टाचारसम्बन्धी कसुरमा अनुसन्धान गर्ने निकाय वा पदाधिकारीबाट भ्रष्टाचारसम्बन्धी आवश्यक विवरण वा सूचना प्राप्त गरी अद्यावधिक गराइराख्ने,
- भ्रष्टाचारसम्बन्धी प्राप्त कुनै जानकारी सम्बन्धित निकायमा लेखी पठाउने,
- भ्रष्टाचार नियन्त्रण सम्बन्धमा आइपर्ने अन्य कार्य गर्ने, गराउने,
- नेपाल सरकारले तोकेको अन्य कार्य गर्ने, गराउने ।

६. **राष्ट्रिय सुरक्षा परिषद्को काम, कर्तव्य र अधिकार के-के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ प्रधानमन्त्रीको अध्यक्षतामा गठित राष्ट्रिय सुरक्षा परिषद्को काम, कर्तव्य र अधिकार नेपालको संविधान र सैनिक ऐन-२०६३ बमोजिम निम्नानुसार छन् :
- नेपालको समग्र राष्ट्रिय हित, सुरक्षा र प्रतिरक्षासम्बन्धी नीति तर्जुमा गर्ने,
- नेपाली सेनाको परिचालन, सञ्चालन र प्रयोगसम्बन्धी नीति, योजना तथा कार्यक्रम तयार गरी नेपाल सरकार समक्ष पेस गर्ने,
- नेपाली सेनाको सङ्ख्या र सङ्गठनात्मक संरचनासम्बन्धमा नेपाल सरकारलाई सुझाव पेस गर्ने,
- नेपाली सेनाको व्यवस्थापन सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव पेस गर्ने,
- नेपाली सेनाको हतियार, खरखजाना तथा अन्य सैन्य सामग्रीको व्यवस्थापन सम्बन्धमा नेपाल सरकारलाई आवश्यक सुझाव पेस गर्ने,
- वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रपतिसमक्ष पेस गर्ने र राष्ट्रपतिले त्यस्तो प्रतिवेदन प्रधानमन्त्रीमार्फत सङ्घीय संसद्समक्ष पेस गर्न लगाउने,
- तोकिएबमोजिमका अन्य काम गर्ने,
- राष्ट्रिय सुरक्षा परिषद्को काम कारबाही सञ्चालन गर्नका लागि रक्षा मन्त्रालयअन्तर्गत एक सचिवालय रहने र राष्ट्रिय सुरक्षा परिषद्को बैठकसम्बन्धी कार्यविधि राष्ट्रिय सुरक्षा परिषद् आफैँले निर्धारण गरेबमोजिम हुने व्यवस्था छ ।

७. **जलवायु परिवर्तनको असर कम गर्न चाल्नुपर्ने उपायहरू के-के हुन् ? लेख्नुहोस् ।**
✍ जलवायु परिवर्तन कार्वनडाइअक्साइडलगायतका ग्यास उत्सर्जनबाट हुन्छ। त्यसैले उद्योग, कलकारखाना, यातायात तथा मानवीय क्रियाकलापहरूबाट हुने यस्ता ग्यास उत्सर्जनलाई न्यून गर्नुपर्छ। जलवायु परिवर्तनको असर कम गर्न अरू निम्न उपायहरू चाल्नुपर्दछ :
- गरिबी र अन्य कारणबाट हुने वन विनाशलाई रोक्ने,
- मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई वातावरणमैत्री बनाउने,
- वातावरणीय प्रभाव मूल्याङ्कनलाई संस्थागत गर्ने,
- प्रदूषण मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्ने,
- वातावरण संरक्षण तथा जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, महासन्धिहरूको कार्यान्वयन गर्ने,
- हरित अर्थतन्त्रको अवधारणा अवलम्बन गर्ने,
- न्यून कार्बन उत्सर्जन विकास रणनीति तर्जुमा गरी कार्यान्वयन गर्ने,
- वातावरण संरक्षणसम्बन्धमा जनचेतना अभिवृद्धि गर्ने,
- फोहोरमैलाको उचित व्यवस्थापन गर्ने,
- व्यवस्थित सहरीकरण तथा उचित बसोवासको व्यवस्था गर्ने,
- वातावरणीय अनुगमन, निरीक्षण र प्रतिवेदन कार्यलाई प्रभावकारी बनाई वातावरणीय सुशासन कायम गर्ने, यस कार्यका लागि वातावरण विभागलाई थप क्रियाशील बनाउने ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL